# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## वस्तु बजार तथा अनुसन्धान विभाग


अत्यन्त जरुरी

धितोपत्र बोर्ड २०५० ललितपुर

प.सं. २०७७/७८
च.नं. १६६०

मिति: २०७८।२।१४

O/C

श्री जिल्ला प्रशासन कार्यालय
काठमाडौं ।

**विषय: आवत जावतमा सहजीकरण गरिदिने सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकायको रुपमा स्थापित यस नेपाल धितोपत्र बोर्डबाट इजाजत पत्र प्राप्त गरेका संस्थाहरु मार्फत अनलाईनबाट शेयर कारोबार भइरहेको व्यहोरा अनुरोध गर्दछु ।

तत्सम्बन्धमा अनलाईन मार्फत शेयर कारोबारमा संलग्न हुने तथा बोर्डबाट सदस्यता प्राप्त गरेका नेप्से, दलाल व्यवसायी (स्टक ब्रोकर) तथा मर्चेन्ट बैंकर अत्यावश्यक सेवा अन्तर्गत रहने हुँदा उक्त संस्थाको कर्मचारीहरुलाई परिचय पत्रको आधारमा आईतबार देखि शुक्रबारसम्म अनलाईन System सञ्चालन गर्ने प्रयोजनको लागि न्यूनतम कर्मचारी अर्थात बढीमा ३ जना सम्मलाई तहाँबाट तोकिएको समयसीमा भित्रै रहेर आवत जावत गर्न सहजीकरण गरी सहयोग गरिदिन हुन निर्देशानुसार अनुरोध गर्दछु ।

भवदीय,

(विनयदेव आचार्य)
का.मु. कार्यकारी निर्देशक

**बोधार्थ:**

नेपाल सरकार
अर्थ मन्त्रालय
वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा
सिंहदरवार, काठमाडौं : तहाँबाट निर्देशन भए अनुसार ।

श्रीमान् सचिवज्यू,
नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरवार, काठमाडौं: आवश्यक सहजीकरणको लागि ।

महानगरिय ट्राफिक प्रहरी महाशाखा
रामशाहपथ, काठमाडौं : आवश्यक सहजीकरणको लागि ।


पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np